**समाज अन्वेषण** वर्ष–२, अङ्क–१, पूर्णाङ्क–३, २०८१ वैशाख–असोज
DOI: https://doi.org/10.3126/anweshan.v2i1.68569
Research Article
ISSN: 3021-9035 Print

# नेपालको वर्तमान शासन व्यवस्था र समाजवाद स्थापनाको प्रश्न

केशव पुडासैनी 'विमल'
bimalbimu@gmail.com

## लेख सार

नेपालमा भएका राजनीतिक परिवर्तनहरूले यहाँको सामाजिक आर्थिक विकासको क्षेत्रमा अपेक्षाकृत सकारात्मक प्रभाव परेको देखिएको छैन । गणतन्त्र स्थापनापछि बनेका हरेक सरकारको प्राथमिकता धेरैभन्दा धेरै श्रमशक्ति निर्यात गर्ने प्रवृत्तिले नै निरन्तरता पाइरहेको छ । संविधानसभाको निर्वाचनबाट गठन भएको संविधानसभाले निर्माण गरेको नेपालको संविधान–२०७२ मा समाजवाद उन्मुख अर्थव्यवस्था निर्माण गर्ने भनिए पनि देश आर्थिक रूपमा पराधीन हुँदै गइरहेको छ। नेपालको राजनीतिक इतिहासमा निश्चित रूपले पछिल्लो राजनीतिक परिवर्तन युगान्तकारी परिवर्तन नै हो। तर यस परिवर्तनसँगै देशको आर्थिक विकास र समृद्धिको क्षेत्रमा सकारात्मक प्रभाव पर्न सकेन। बर्सेनी बढ्दो वैदेशिक व्यापार घाटा, सरकारी (सार्वजनिक) ऋण, बढ्दो भ्रष्टाचारको प्रवृत्तिलाई विश्लेषण गर्दा पछिल्लो राजनीतिक परिवर्तनपछि नेपाल आर्थिक विकासको दृष्टिले झन् कमजोर बन्दै आएको छ।

## शब्दकुञ्जी

जनयुद्ध, राजनीति, अर्थतन्त्र, काल्पनिक समाजवाद, वैज्ञानिक समाजवाद, श्रमशक्ति, रेमिट्यान्स।

## विषय प्रवेश

एसिया महादेशको दक्षिणी पाटोमा अवस्थित नेपाल प्राकृतिक उर्वराभूमि, प्राकृतिक जैविक विविधता रहेको भूपरिवेष्ठित मुलुक हो। आधुनिक विकासका दृष्टिकोणले संसारकै गरिब र अविकसित मुलुकका रूपमा देखापरेको नेपालका जनताहरू इतिहासको विभिन्न कालखण्डहरूमा विभिन्न किसिमका सामाजिक तथा राजनीतिक आन्दोलनमा सरिक हुँदै आएका छन्। २००७ को सेरोफेरोदेखि नेपाली जनताले राजनीतिक, आर्थिक तथा सामाजिक परिवर्तनका निम्ति शासन व्यवस्थाका विरुद्ध बलिदानीपूर्ण सङ्घर्ष गर्दै आएका छन्।१०४ वर्ष लामो जहानियाँ राणा शासनको अन्त्यका लागि जति नेपाली सपुतहरूले प्राणको आहुति दिएका थिए, त्यसपछिका पटकपटकका राजनीतिक आन्दोलनमा त्यो भन्दा बढीले प्राणोत्सर्ग गरेका छन्। यिनै बलिदानीपूर्ण सङ्घर्षले २००७ साल, २०१७ साल, २०४६ सालमा भएका राजनीतिक परिवर्तनले नेपाली जनताका अपेक्षाअनुरूप विकास र समृद्धिका नीति तथा कार्यक्रमहरू निर्माण गरी लागु गर्न नसकेको पृष्ठभूमिमा नेपालमा २०५२ साल फागुन १ गतेदेखि नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा जनयुद्धको थालनी भयो । करिब एक दशक लामो माओवादी जनयुद्ध र यसको आधारमा खडा हुन

आएको २०६२/६३ को १९ दिन लामो जनआन्दोलनबाट नेपालमा युगान्तकारी राजनीतिक परिवर्तन भयो । करिब २४० वर्षको शाहवंशीय राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य गर्दै नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक बन्यो । संविधानसभाको निर्वाचनबाट गठन भएको संविधानसभाले निर्माण गरेको नेपालको संविधान– २०७२ मा राज्यका हरेक तह र अङ्गमा सबै जात, लिङ्ग, समुदाय तथा भेगको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चिततासहित नेपाललाई धर्मनिरपेक्ष र समाजवादउन्मुख राज्य घोषणा गरियो ।

## *अध्ययन विधि*

शोधकार्यलाई विश्वसनीय बनाउने सिलसिलामा ज्ञान प्राप्ति, विश्लेषण तथा प्रस्तुतीकरणको निम्ति विश्वासनीय स्रोत र सामग्रीहरूको आवश्यकता पर्दछ। यस शोधकार्यलाई विश्वसनीय र प्रभावकारी ढङ्गले सम्पन्न गर्न द्वितीय स्रोतहरूको उपयोग गरिएको छ। अध्ययनको क्रममा प्राप्त सूचना र ज्ञानहरू आवश्यक स्थानमा सान्दर्भिक किसिमले स्थापित गर्दै मूलतः मार्क्सवादी र गैरमार्क्सवादी सिद्धान्तका आधारमा वर्णनात्मक/व्याख्यात्मक र तालिकात्मक विधिबाट विश्लेषण गरिएको छ।

## *राजनीति र अर्थतन्त्रको सम्बन्ध*

राजनीति र अर्थतन्त्रका बिचको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । कुनै पनि सामाजिक तथा राजनीतिक व्यवस्थाको आधार वा जग त्यस समाज वा देशको अर्थतन्त्रलाई मानिन्छ भने राजनीतिक व्यवस्थाले पनि आफूअनुकूल बनाउन अर्थतन्त्रमाथि आफ्नो हस्तक्षेपकारी भूमिका निभाइरहेको हुन्छ। नेपालको संविधान २०७२ को धारा ४ को (१) मा नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतान्त्रिक, समाजवादउन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएको किटानी गरिएको छ। तर विश्वमा विभिन्न किसिमका समाजवादी विचारधाराहरू र शासन व्यवस्था देखा परेका छन्। यीमध्ये नेपालमा कस्तो प्रकारको समाजवादको स्थापना गर्न खोजिएको हो भन्ने बारे संविधानमा स्पष्ट उल्लेख नगरिएको कारण राजनीतिक परिवर्तन भए पनि अर्थनीतिमा परि वर्तन हुन सकेको छैन।

## *समाजवाद*

विश्वमा राजनीतिक विचारधाराको विकाससँगै समाजवादी राजनीतिक विचारधाराको विकास सुरु भएको पाइन्छ। समाजवादको ध्येय वर्गहीन समाजको स्थापना हो (नरेन्द्रदेव, २००७, पृ.३२१) । राजनीति शास्त्रको मुख्य चासोको क्षेत्र व्यक्ति र समाजको सर्वाङ्गीण विकास हो। मानव समाजभित्रका विभेद र असमानताहरूलाई हटाएर कसरी समतामूलक, न्यायपूर्ण र स्वतन्त्र मानव समाजको निर्माण गर्न सकिन्छ भन्ने विषयमा पूर्व र पश्चिम दुवैतर्फका दार्शनिकहरूले विभिन्न किसिमका समाजवादी सिद्धान्तहरू प्रस्तुत गर्दै आएका छन् । आधुनिक समाजवादी सिद्धान्तको प्रतिपादन युरोपमा औद्योगिक क्रान्तिको विकास र विस्तारसँगै भए पनि यसको प्राचीनतम् आधार ग्रीकका दार्शनिक प्लेटोको पुस्तक गणतन्त्र (Republic) नै हो । प्राचीनकालका प्लेटोदेखि आधुनिककालका कार्ल मार्क्ससम्मले समाजवादका बारेमा आफ्नो धारणा प्रस्तुत गरेका छन्। यी धारणाहरूको अध्ययन तथा विश्लेषण गर्दा निस्कने निष्कर्ष के हो भने समाजवादी समाजमा उत्पादनका साधानहरूमा सामूहिक स्वामित्व कायम गरिन्छ (Cornforth, 1962, p. 39)। मार्क्सले जनताको खोसिएको मानवता पुनः प्राप्त गर्ने उपाय मात्रै नभएर उनले यस कार्यका लागि मजदुर वर्गलाई तयारसमेत गराए (नरेन्द्रदेव, २००७, पृ.३२१)।

## *समाजवादका प्रकारहरू*

संसारमा विभिन्न किसिमका समाजवादी विचार

र सिद्धान्तहरू निर्माण भएका छन्। यी सिद्धान्तहरूमध्ये कुनै धार्मिक मतमा आधारित भएर अघि सारिएका छन् भने कुनै मानव समाजको भौतिक अस्तित्व, यसको विकास र परिवर्तनका चरणहरूलाई आधार मानेर अघि सारिएका छन्। कुनै पनि राजनीतिक विचार वा सिद्धान्त निर्माणको आधार भनेको सामाजिक आर्थिक क्रियाकलाप वा सामाजिक उत्पादन सम्बन्ध हो। मूलतः यही सामाजिक उत्पादन सम्बन्धकै चरित्रका आधारमा विश्वमा विभिन्न किसिमका राजनीतिक दार्शनिक विचार तथा सिद्धान्तहरू निर्माण भएका हुन्। विश्वमा समाजवादसम्बन्धी विभिन्न किसिमका विचारधाराहरू र यसका स्वरूप पनि विभिन्न किसिमका रहेको पाइन्छ। यी विभिन्न किसिमका समाजवादमध्ये समाजवाद काल्पनिक समाजवाद (Utopian Socialism), प्रजातान्त्रिक समाजवाद (Democratic Socialism), वैज्ञानिक समाजवाद (Scientific Socialism), अराजकतावादी समाजवाद (Anarcho-Socialism), बजार समाजवाद (Market Socialism) र क्रिश्चियन समाजवाद (Christian socialism) का बारेमा यहाँ सङ्क्षिप्तमा चर्चा गर्न सान्दर्भिक हुने देखिन्छ। यी विभिन्न चरित्रका समाजवादमध्ये नेपालको पछिल्लो संविधान (नेपालको संविधान– २०७२) ले कुन समाजवादको परिकल्पना गरेको हो भन्ने बारे किटानी गरेको छैन। तर पनि नेपाली राजनीतिक आन्दोलनका विभिन्न कालखण्डहरूमा प्रभावशाली नारा र मागको रूपमा स्थापित हुँदै आएको समाजवाद तल उल्लेख गरिएअनुसार छन्–

१. प्रजातान्त्रिक समाजवाद
२. वैज्ञानिक समाजवाद

## *प्रजातान्त्रिक समाजवाद*

प्रजातान्त्रिक समाजवादीहरू पुँजीवादी शासन प्रणालीअन्तर्गत नै समाजवादको स्थापना गर्न सकिन्छ भन्ने कुरामा विश्वास राख्दछन्। प्रजातान्त्रिक विधिबाट नै समाजवादी नीति र कार्यक्रमहरू लागु गरेर मानव समाजमा रहेका शोषण र असमानतालाई हटाउन सकिन्छ भन्ने मान्यता राख्ने यो किसिमको समाजवादका प्रवर्तक एड्डुवार्ड बर्नस्टेन (Eduard Bernstein) र कार्ल काउत्स्की (Karl Kautsky) हुन्। यी एड्डुवर्ड बर्नस्टेन प्रजातन्त्रलाई समाजवादको आधार मान्दथे भने कार्ल काउत्स्कीका अनुसार प्रजातन्त्र विनाको समाजवादको कुरा सोच्नसम्म पनि सकिँदैन। रुसमा सन् १९१७ को अक्टोबरमा सम्पन्न भएको समाजवादी क्रान्तिपछि रोजा लक्जम्बर्ग (Rosa Luxemburg) ले पनि आफूलाई बर्नस्टेन र कार्ल काउत्स्कीकै कित्तामा उभ्याउँदै बताएअनुसार आम निर्वाचन विना, सभा जुलुस गर्न पाउने र प्रेसको पूर्ण स्वतन्त्रता विना वैचारिक सङ्घर्षको स्वतन्त्रता विनाका प्रत्येक सार्वजनिक संस्थाहरूमा जीवनको अन्त्य हुन्छ (Barrow)। यस किसिमको समाजवादमा उत्पादनका साधानहरूमाथि सामूहिक स्वामित्व कायम गरिँदैन र सम्पत्ति/पुँजीमाथिको व्यक्तिगत स्वामित्वलाई यथावत राखिन्छ। यसर्थ प्रजातान्त्रिक समाजवाद भनेको पनि पुँजीवादी शासन प्रणालीको एउटा विशिष्ट रूप हो, जहाँ पुँजीपति वर्गकै अधिनाकत्व कायम गरिएको हुन्छ।

## *काल्पनिक समाजवाद*

अस्तित्वमा नभएको कुनै कुरा व्यक्त गर्न प्रयोग गरिने ग्रीक शब्द युटोपिया (काल्पनिक) दार्शनिकले यस क्षेत्रमा प्रवेश पायो र यसलाई यथार्थमा बदलिन सक्ने कल्पनाको रूपमा प्रयोग गर्न थालियो। सेन्ट साइमन (Saint-Simon), रोबर्ट ओवेन (Robert Owen) र चार्ल्स फुरियर (Charles Fourier) जस्ता दार्शनिकले समाजवादी शासन वा समाज व्यवस्थाको पक्षमा आफ्नो विचार व्यक्त गर्दै आएका भए पनि खासमा उनीहरूले यस्तो समाजवादी व्यवस्था यथार्थ रूपमा कसरी स्थापना गर्न सकिन्छ भन्ने कुरा व्यक्त गर्न सकेनन्। त्यसैले यिनलाई काल्पनिक समाजवादी भनिन्छ

(Buzuev and Gorodnov, 1987, p. 13)। यी काल्पनिक समाजवादीहरूको पुँजीपति वर्गमा नैतिक आचरण सुधार गरेपछि समाजवादी समाज निर्माण हुने धारणा रहेको थियो।

## *वैज्ञानिक समाजवाद*

सशस्त्र सङ्घर्षको विधिद्वारा पुँजीवादी शासन व्यवस्थाको अन्त्य गरेर स्थापना गरिने समाजवादलाई क्रान्तिकारी समाजवाद भनिन्छ। वैज्ञानिजक समाजवाद मार्क्सवादी सिद्धान्तमा आधारित समाजवाद हो । आधुनिक क्रान्तिकारी सर्वहारा वर्गको नेतृत्वमा रहेको क्रान्तिकारी कम्युनिष्ट पार्टीको अगुवाइमा समाजवादी क्रान्तिपछि स्थापना हुने वैज्ञानिक समाजवादलाई क्रान्तिकारी समाजवाद पनि भनिन्छ। यो समाजवादमा सर्वहारा वर्गको अधिनायकत्व कायम गरिएको हुन्छ।

वैज्ञानिक समाजवादका प्रवर्तक कार्ल मार्क्स (Karl Marx) र फ्रेडरिक ऐङ्गेल्स (Frederich Engels) हुन् । जसमा वैज्ञानिक समाजवाद यस्तो शासन व्यवस्था हो, पुँजीपति वर्गको शासनसत्ताका विरुद्ध आधुनिक सर्वहारावर्गले सशस्त्र क्रान्ति गर्दछन् र यस्तो क्रान्तिबाट सर्वहारावर्गले राजनीतिक सत्ता कब्जा गरेर उत्पादनका साधनलाई राज्यको सम्पत्तिमा बदल्छन् । यसपछि सर्वहारा वर्गले आफूलाई मात्र नभएर सम्पूर्ण वर्गीय भेदभावहरू, विरोधी वर्गहरू र राज्यको अस्तित्व नै उन्मूलन गर्दछ (EngelsM 1908: 127) । यसरी विश्वका प्रत्येक देशमा हुने सर्वहारा वर्गीय क्रान्तिले विश्व साम्यवादको आधार तयार गर्दछ।

मार्क्सवादको दार्शनिक तथा सैद्धान्तिक मार्गनिर्देशनअनुसार स्थापना हुने समाजवाद वैज्ञानिक समाजवाद हो। आफ्नो साम्यवादी सिद्धान्तको निर्माण गर्ने क्रममा मार्क्स–ऐङ्गेल्सले वैज्ञानिक समाजवादलाई साम्यवादको उपचरणको रूपमा व्याख्या गरेका छन्। उनीहरूले बताएअनुसार वैज्ञानिक समाजवाद विश्व साम्यवादको स्थापनाका निम्ति एउटा अनिवार्य सङ्क्रमणकालीन व्यवस्था हो । वैज्ञानिक समाजवादको स्थापना पुँजीवादी उत्पादन प्रणालीको आधारमा मात्रै गर्न सकिन्छ भन्ने मार्क्सवादको निचोड रहेको छ । वर्ग सचेत औद्योगिक सर्वहारावर्गको क्रान्तिकारी कम्युनिष्ट पार्टीको नेतृत्वमा हुने पुँजीवादी शासन व्यवस्था विरोधी सशस्त्र सङ्घर्षबाट मात्रै पुँजीवादी शासन व्यवस्थाको ठाउँमा समाजवादी शासन व्यवस्था स्थापना गर्न सकिन्छ।

## *समाजवाद स्थापनाका तरिका*

समाजवादी शासन व्यवस्था राजनीतिक आर्थिक प्रणाली हो । उत्पादनका साधन तथा उत्पादित वस्तुमाथि निजी स्वामित्व कायम भएको राजनीतिक व्यवस्थाअन्तर्गत समाजवादको निर्माण शान्तिपूर्ण किसिमले नहुने विचार वैज्ञानिक समाजवादीहरूको रहेको छ। यो मान्यताका विपरित मानिसमा नैतिक र मानवीय भावना जागृत गराएर शान्तिपूर्ण किसिमले समाजवादको निर्माण गर्न सकिने विचार अर्काथरी समाजवादीहरूको रहेको छ। तर मार्क्सवादलाई आफ्नो मार्गनिर्देशक सिद्धान्त मान्ने नेपालका प्रभावशाली कम्युनिस्ट पार्टी तथा तिनका नेतृत्वहरूले पछिल्लो राजनीतिक परिवर्तनपछि शान्तिपूर्ण तरिकाले समाजवादको स्थापना गर्न सकिन्छ भन्ने तर्क अघि सार्दै आएका छन्।

## *संसदीय निर्वाचन*

संसदीय निर्वाचनकै माध्यमबाट समाजवादको स्थापना गर्न सकिन्छ भन्ने मान्यता दोस्रो विश्वयुद्धपछि पूर्वी युरोपका मुलुकमा स्थापित हुन आएको हो । औपनिवेशिक अवस्थामा रहेका पूर्वी युरोपका देशहरूमा राष्ट्रिय मुक्ति आन्दोलनमा कम्युनिस्ट पार्टीहरूले नेतृत्वदायी भूमिका खेलेका थिए। सोभियत सङ्घको प्रत्यक्ष सैनिक सहायताले ती देशहरूले साम्राज्यवादी प्रभुत्वबाट स्वाधीनता प्राप्त गरेका थिए। स्वतन्त्रता प्राप्त

गरेपछि संसदीय पुँजीवादी व्यवस्था स्थापना भएका ती देशहरूमा संसदीय निर्वाचन भई कम्युनिस्ट पार्टीले बहुमत प्राप्त गरी देशमा कम्युनिस्ट शासन व्यवस्था स्थापना गरे । यही दृष्टान्तलाई आधार मानेर विश्वका अरू मुलुकका कम्युनिस्ट पार्टीहरूले पनि संसदीय निर्वाचनबाट कम्युनिस्ट वा समाजवादी व्यवस्था स्थापना गर्ने जमर्को गर्दै आएका छन् । संसदीय बाटोबाट समाजवाद स्थापना गर्न चाहनेहरूले हिंसात्मक क्रान्ति वा सर्वहारा वर्गको अधिनायकत्वलाई अस्वीकार गर्दछन् । फेवियनवादीहरू र ए. बर्नस्टेनले संसदीय बाटोबाट समाजवाद स्थापना गर्न सकिने विचार अघि सारेका थिए (Wilczynski: 1981:418) । मार्क्सवादका विपरीत दिशामा उभिएको उनीहरूको यस किसिमको विचार/सिद्धान्त वर्गीय दृष्टिकोणले पुँजीवादी शासन व्यवस्थाअन्तर्गत वर्गसमन्वयतावादी समाजवाद नै हो र यसमा पुँजीपति वर्गको अधिनायकत्वलाई निरन्तरता दिइन्छ ।

## *सशस्त्र सङ्घर्ष*

संसारभरका क्रान्तिकारी मार्क्सवादीहरूले सर्वहारा वर्गको निर्णायक भूमिका हुने क्रान्तिकारी कम्युनिस्ट पार्टीको नेतृत्वमा हुने सशस्त्र क्रान्ति/सङ्घर्षको बाटो बाट मात्रै वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना गर्न सकिन्छ भन्ने विश्वास राख्दछन् । क्रान्तिकारी कम्युनिस्ट पार्टीको नेतृत्वमा हुने समाजवादी क्रान्तिले पुँजीवादी शासन व्यवस्थाको अन्त्य गरेर समाजवादी शासन व्यवस्थाको स्थापना गर्दछ ।

सशस्त्र क्रान्ति वा वर्ग सङ्घर्षका मध्यमद्वारा सबैभन्दा पहिले सन् १९१७ मा रुसमा समाजवादी शासन व्यवस्थाको स्थापना गरिएको हो । भ्लादिमिर इलिच लेनिनको नेतृत्वमा रहेको रुसी कम्युनिस्ट पार्टी (बोल्सेभिक) ले मार्क्सवादको सैद्धान्तिक मार्गनिर्देशनमा सन्१९१७ को अक्टोबरमा सशस्त्र क्रान्ति गरी त्यहाँको पुँजीवादी शासन व्यवस्था ध्वंस पारेर वैज्ञानिक समाजवादी शासन व्यवस्थाको स्थापना गरेको थियो । यसपछि विश्वका अन्य देशहरूमा पनि कम्युनिस्ट क्रान्ति सम्पन्न भएर समाजवादी शासन व्यवस्था स्थापना भए । सन् १९७० को दशकमा पुग्दा संसारका करिब एक तिहाइ भूमिमा समाजवादी/साम्यवादी शासन व्यवस्था स्थापना भएका थिए । विश्व साम्यवाद स्थापनालाई अन्तिम लक्ष्य मान्ने वैज्ञानिक समाजवादमा सर्वहारा वर्गको अधिनायकत्वलाई अनिवार्य मानिन्छ । यस किसिमको समाजवादी व्यवस्थामा सामन्तवादी तथा पुँजीवादी अर्थनीतिको स्थानमा समाजवादी अर्थनीति लागु गरिन्छ ।

## *नेपालको सन्दर्भमा समाजवाद*

राणाशासन विरोधी आन्दोलनको थालनीसँगै नेपालमा कुन किसिमको शासन व्यवस्था स्थापना गर्ने भन्ने विषयले नेपालको राजनीतिक वृत्तमा प्रवेश पाएको हो भन्ने कुरा माथि पनि उल्लेख गरिएको छ । नेपाली कङ्ग्रेस पार्टीले आफूलाई प्रजातान्त्रिक समाजवादी पार्टीका रूपमा परिचित गराएको थियो । यसैगरी नेपालमा २००६ सालमा कम्युनिस्ट पार्टीको स्थापना भएपछि वैज्ञानिक समाजवाद स्थापनाबारे चर्चा हुन थालेको हो । नेपालका सबै कम्युनिस्ट पार्टीहरूले आफ्नो लक्ष्य देशमा वैज्ञानिक समाजवादको स्थापना गर्ने रहेको बताउँदै आएका छन् ।

नेपालको सन्दर्भमा नेपाली प्रजातान्त्रिक समाजवादका प्रणेता मानिएका बी.पी. कोइराला मुख्य रूपमा वालिगमताधिकार, अभिव्यक्ति स्वतन्त्रता र राजनीतिक पार्टीहरूको अधिकार आदिको व्यवस्था भएको पश्चिमा पुँजीवादी राज्यको विचार पक्षपोषण गर्दथे । उनले समाजवाद किन ? कसका लागि कसरी प्राप्त गर्न सकिन्छ भनेर आधिकारिक ढङ्गले कुनै दस्तावेज प्रस्तुत गरेका छैनन् (रोका, सन् २०२०) । यसको फलस्वरूप २०४६ सालपछि पटकपटक सरकारको नेतृत्व गर्न पुगेको नेपाली कङ्ग्रेसले देशमा नवउदारवादी

अर्थनीति लागु गऱ्यो। नवउदारवादी अर्थनीति भनेको नवऔपनिवेशिक अर्थनीति हो र यस्तो अर्थनीतिको बाटो हिँडेर प्रजातान्त्रिक समाजवादमा पुगिन्न भन्ने हेक्का नेपाली कङ्ग्रेसले राख्न सकेन। अन्ततः आफूलाई पुँजीवादी समाजवादी वा प्रजातान्त्रिक समाजवादी ठान्ने नेपाली कांग्रेस कालान्तरमा समाजवादी विचार धाराबाटै विचलित हुन पुग्यो र समाजवादी अर्थनीति परित्याग गर्दै नवउदारवादी अर्थनीति अपनाउन पुग्यो।

२०४६ सालमा पञ्चायती व्यवस्था अन्त्य भएर नेपालमा राजतन्त्रात्मक संसदीय बहुदलीय व्यवस्थाको पुनःस्थापना भएपछि पटकपटक नेपालको शासनसत्ता सम्हाल्ने अवसर नेपाली कङ्ग्रेस पार्टीले नै प्राप्त गऱ्यो। २०४६ सालपछि भएका अर्थमन्त्रीहरूमध्ये नेपाली कांग्रेसका नेता रामशरण महत सबैभन्दा धेरैपटक र लामो समय अर्थामन्त्री हुने व्यक्ति हुन्। नेपाली कङ्ग्रेसकै नेतृत्वमा कार्यान्वयन गरिएका आर्थिक नीतिको परिणामबारे नेपालका पूर्व अर्थमन्त्री भरतमोहन अधिकारीले बताएअनुसार रामशरण महतले विश्व वैङ्क, एशियाली विकाश वैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) ले भनेको हुबहु लागु गरेर उदारीकरण र निजीकरणको नीति नेपालमा लागु गर्नुभयो। जसबाट बाँसबारी छालाजुत्ता कारखाना, इँटायल कारखाना, सिमेन्ट उद्योग आदि उद्योगहरू समाप्त भए (रोका)। वर्तमान विश्वमा पुँजीवादी शासन व्यवस्थाको आदर्श मानिएको नवउदारवादी अर्थनीतिअन्तर्गत नै नेपालले निजीकरण तथा खुला बजार अर्थनीति अपनाएको थियो। तर यसको परिणाम के भयो भने नेपालमा औद्योगिक विकासको जरो सबै उखेर फालियो र देशलाई आर्थिक दृष्टिले पूर्णतः परनिर्भर बनाउने दिशामा अघि बढाइयो।

## *नेपाली विशेषताको समाजवाद*

नेपाल जातीय, भाषिक तथा सांस्कृतिक रूपले मात्र विविधतायुक्त मुलुक नभएर आर्थिक दृष्टिकोणले पनि विविधता रहेको सामाजिक विशेषता भएको मुलुक हो। आधुनिक राजनीतिक दार्शनिक क्षेत्रमा समाजवादी विचारधाराको विकास हुनुको आधार पुँजीवादी शासन व्यवस्थाको देन मानिन्छ। सामन्तवादी शासन व्यवस्थाजस्तै आर्थिक र राजनीतिक दृष्टिकोणले पुँजीवादी शासन व्यवस्था पनि व्यक्तिवादी शासन व्यवस्था हो। पुँजीवादी व्यवस्थामा पनि सामन्तवादी शासन व्यवस्थामा जस्तै बहुँसङ्ख्यक जनता शासन व्यवस्थाजनित उत्पीडन र शोषणको मारमा परेका हुन्छन्।

औद्योगिक विकास नभएको र आधुनिक वा औद्योगिक सर्वहारावर्गको उपस्थिति नभएको नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मानिसहरूको बसोबास भएको मुलुक हो। आर्थिक दृष्टिले पनि दलाल तथा नोकरशाही पुँजीपतिवर्ग, राष्ट्रिय पुँजीपति वर्ग, सामन्तवर्ग, धनी किसानदेखि भूमिहीन किसानसम्मको अस्तित्व रहेको नेपाल आर्थिक दृष्टिले पनि विविधतायुक्त समाज हो। यस्तो विषम अवस्थामा रहेको नेपालमा जटिल प्रकारका आर्थिक, राजनीतिक र सामाजिक समस्या रहेका छन्। नेपाली समाजमा रहेका यी विभिन्न खाले असमानता, शोषण र उत्पीडनको अन्त्य गरेर समतामूलक, स्वतन्त्र तथा समृद्ध मानव समाजको निर्माण गर्ने ध्येयका साथ समाजवादी शासन व्यवस्थाको आवश्यकता महसुस गरिएको हो।

२०६२/६३ को राजनीतिक परिवर्तनपछि नेपालमा २००७ सालदेखि चलिआएको समाजवाद सम्बन्धी परम्परागत धारणामा आमूल परिवर्तन देखा पऱ्यो। राजनीतिक दलहरू र तिनका आर्थिक क्रियाकलापलाई आधार मानेर हेर्ने हो भने नेपाली कङ्ग्रेसमा आफूले भन्दै आएको प्रजातान्त्रिक/लोकतान्त्रिक समाजवादको स्थापना गर्ने न कुनै दृढ इच्छा शक्ति देखिन्छ, न त कम्युनिस्ट पार्टीहरूमा आफूले भन्दै आएको जस्तो वैज्ञानिक समाजवादको स्थापनाको लागि उचित

राजनैतिक र आर्थिक परिवेश निर्माण गर्ने इच्छाशक्ति नै देखिन्छ। नेपालको वर्तमान संविधान (नेपालको संविधान– २०७२) मा समाजवाद उन्मुख शासन व्यवस्थाको परिकल्पना गरिएको भए तापनि कस्तो किसिमको समाजवाद भन्ने कुरा स्पष्ट गरिएको छैन।

## *नेपाली विशेषताको समाजवाद निर्माणको आधारहरू*

नेपाली विशेषताको समाजवादको सबैभन्दा धेरै वकालत गर्दै आएको नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ले यसको सैद्धान्तिक आधारका बारेमा विस्तृत चर्चा गरेको छैन। नेपाली विशेषताको समाजवादलाई उसले वैज्ञानिक समाजवादको उपचरणका रूपमा अघि सारेको हो कि यसको अन्तिम गन्तव्य नै नेपाली विशेषताको समाजवाद हो भन्ने कुरा प्रस्ट हुन सकेको छैन। आफ्नो आधिकारिक दस्तावेजमा वैज्ञानिक समाजवादको उल्लेख गरिनु र सरकारको नेतृत्वकर्ताको हैसियतले नेपाली विशेषताको समाजवादको चर्चा गर्नुले उक्त पार्टीको वास्तविक रुचि र चरित्र थाहा पाउन गाह्रो हुनु स्वाभाविक देखिन्छ। वर्तमान शासन व्यवस्थाको रक्षा गर्दै अघि बढ्ने नीतिअन्तर्गत नै स्थापना गर्न सकिने समाजवादको चित्र र चरित्रका बारेमा मार्क्सवादी र गैरमार्क्सवादी दृष्टिकोणबाट अध्ययन र विश्लेषण हुन आवश्यक देखिन्छ।

## *वर्तमान शासन व्यवस्थाको चरित्र*

औद्योगिक सर्वहारा वर्गमाथिको अमानवीय शोषणका आधारमा पुँजीवादी शासन व्यवस्था निर्माण हुन्छ र यसको निरन्तरताका लागि उसले सर्वहारा मजदुर वर्गमाथिको शोषण र दमनलाई निरन्तरता दिन अनिवार्य हुन्छ। २०६३ सालको राजनीतिक परिवर्तनले पनि नेपालको अर्थराजनीतिमा गुणात्मक परिवर्तन ल्याउन सकेन। अर्थराजनीतिक दृष्टिकोणबाट अर्थतन्त्रलाई राजनीतिको मेरुदण्डका रूपमा हेर्न सकिएन भने राजनीति कुनै पनि समयमा थला पर्न सक्छ। अधिकांश राजनीतिक परिवर्तन राजनीतिक शक्तिले अवलम्बन गरेको आर्थिक विकृति र विसङ्गतिका कारणले हुने गरेका छन्। नेपालका शासक वर्गहरू ऐतिहासिक रूपले नै सामन्तवादी उत्पादन प्रणाली र राजतन्त्रात्मक शासन व्यवस्थाको नर्सरीमा जन्मिएर हुर्केका हुँदा यिनका चरित्रले पुँजीवादी रङसमेत ग्रहण गर्न सकेको छैन। पुँजीवादी चेतना र चरित्रको अभावमा समाजवादी चेतना र चरित्रको विकास हुन सक्ने कुनै भौतिक परिवेश नेपालका कम्युनिष्ट पार्टी र यसका नेतृत्व पङ्क्तिले प्राप्त गरेकै थिएन र छैन पनि।

यस दृष्टिले हेर्दा नेपालको वर्तमान शासन व्यवस्था पनि दलाल तथा नोकरशाही पुँजीपति वर्गको हित गर्ने दलाल पुँजीवादी व्यवस्था हो। दलाल पुँजीवाद परिजीवी प्रकृतिको हुन्छ। दलाल पुँजीवादी व्यवस्था भएको मुलुकलाई दलाल पुँजीवाद अनुदान, कमिसन र भ्रष्टाचारमा बाँच्छ। दलाल पुँजीवादका यावत् विशेषतासहित नेपालको राज्यव्यवस्था दलाल पुँजीवादी संसदीय राज्यप्रणालीका रूपमा परिणत भएको छ (विश्वकर्मा)। यस्तो अवस्थामा राजनीतिक पार्टीका नेताहरू पनि दलाल र नोकरशाही पुँजीपति वर्गकै दलाल बन्न पुग्दछन्। नेता दलाल भएपछि पार्टी दलाल तथा भ्रष्टहरूको छहारी हुन्छ (सुवेदीः २०७७)।

शासन व्यवस्थाको यो चरित्रबमोजिम परिवर्तित राजनीतिक पार्टीले भ्रष्टाचारीलाई चोख्याउने, सम्मान गर्ने र पदासिन तुल्याउने जस्तो जुन परिपाटी नेपालमा बसालिएको छ;। यस्ता पार्टीले देशमा न औद्योगिक पुँजीवादको विकास गर्न सक्छन्, न त समाजवादी क्रान्तिका निम्ति आधार तयार पार्न सक्दछन्। दलाल पुँजीवाद भनेको वैदेशिक पुँजीपतिवर्गसँग मिलेर राष्ट्रिय पुँजीवादको जरो उखेल्ने आर्थिक क्रियाकलाप र प्रवृत्ति हो। नेपालको सन्दर्भमा नवउदारवादी अर्थनीति

अवलम्बन गर्नुभन्दा धेरै पहिलेदेखि नै दलाल पुँजीवाद देखापरेको हो । नेपालले नवउदारवादी अर्थनीतिको अवलम्बन गरेपछि यसले दलाल पुँजीवादलाई नै बलियो बनाउने कार्य गर्दै आएको छ।

## राष्ट्रिय उत्पादन र पुँजी निर्माण

नेपालको वर्तमान शासन व्यवस्थाअन्तर्गत बनेका कुनै पनि रङका सरकारले राष्ट्रिय उत्पादन बढाउने र पुँजी निर्माण गर्ने कुरालाई प्राथमिकतामा राखेर अघि बढ्नुको साटो देशको श्रमशक्ति निर्यात गर्ने कार्यलाई आफ्नो प्रमुख दायित्व ठान्दै आएका छन् । प्राचीनकालदेखि नै नेपालको आन्तरिक रोजगारीको सबैभन्दा ठुलो क्षेत्र कृषिक्षेत्र रहेको छ । तर कृषिक्षेत्रप्रति हेर्ने शासकीय कुदृष्टिको कारण एक्काइसौँ शताब्दीको प्रारम्भसँगै नेपालको कृषिक्षेत्र तहसनहस हुन पुग्यो । अर्कोतर्फ नेपालमा भएका परम्परागत सिपमा आधारित घरेलु व्यवसायहरू पनि शासकहरूकै कुदृष्टिका कारणले ध्वस्त हुन पुगेका हुन् । यी उद्योगहरूलाई चाहिने आवश्यक कच्चा पदार्थको अधिकांश हिस्सा नेपालको आन्तरिक उत्पादन हुन्थे भने यिनले उत्पादन गरेका वस्तु नेपालको आन्तरिक मागलाई पूर्ति गर्दै विदेशमा समेत निर्यात गरिन्थ्यो । कृषि उत्पादनपछि घरेलु उद्योग व्यवसायको उत्पादन नेपालको वैदेशिक मुद्रा आर्जनको महत्त्वपूर्ण क्षेत्र थियो ।

तत्कालीन पञ्चायती सत्तामा राहदानी लिन सहज नभएको र विश्व श्रमबजारको अन्तरदेशीय आप्रवाहमा अहिलेको जति भूमण्डलीकरण नभएकाले २०४६ साल अघिसम्म गोरखाली सैनिकबाहेक नेपाली भारतबाहेकका मुलुकमा रोजगारीका लागि जाने चलन थिएन । तर २०४६ सालपछि स्थिति बदलियो, नेपालीहरू रोजगारीका निम्ति तेस्रो देश प्रवेश गर्ने क्रम सुरु भयो। वि. सं. २०४७ देखि नेपालीहरू भिजिट भिसा लिएर जापान जान थाले (कान्तिपुर रेडियो, २०७६) र उनीहरू मिलेसम्म त्यतै बसेर काम गर्न थाले । पछि त सरकारी तहबाटै वैदेशिक रोजगारीमा जाने ढोका खोलियो ।

नेपालमा जनयुद्धको विकाससँगै वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सङ्ख्या सुस्त गतिमा वृद्धि हुँदै आयो भने माओवादी जनयुद्धको अन्त्यपछि रोजगारीको खोजीमा विदेशिने नेपालीको सङ्ख्या ह्वात्तै बढ्यो । खासगरी आ. व. २०५४/२०५५ सम्म वार्षिक रूपमा भारतबाहेकका मुलुकमा रोजगारमा जाने नेपालीको सङ्ख्या १०,००० (दश हजार) भन्दा कम रहेकोमा आ. व. २०५८/२०५९ मा १ लाख नाघेको देखिन्छ । यो क्रम बढ्दै गएर आ. व. २०७०/७१ मा आइपुग्दा ३ लाख ५४ हजारको हाराहारीमा पुगेको थियो ।

यसरी बेरोजगार युवा गाउँसहरबाट रोजगारको खोजीमा विदेशतिर लखेट्ने वैदेशिक रोजगारको नीति, कानुन र मानव तस्कर गर्ने बिचौलियालाई म्यानपावर व्यवसायीका नाममा वैधता प्रदान गरियो । अझ कतिसम्म भने यिनै व्यवसायीले नै पार्टी र पार्टीका नेतालाई आर्थिक सरसहयोग दिन थालेपछि यिनै व्यवसायीको सङ्गठित समूहलाई पार्टीका जनसङ्गठनका रूपमा घोषणा गर्ने र यिनै व्यवसायीले पार्टीका नेतालाई प्रभावमा पारेर पार्टी नेतृत्वमा पुग्ने, सांसदको टिकट प्राप्त गर्ने, मन्त्री हुने र आफ्नो व्यवसायअनुकूलका नीति, नियम र कानुन बनाउने काम गर्ने गरेका छन् (खनाल, २०७७) । २०४६ सालको राजनीतिक परिवर्तनपछि खुलेको वैदेशिक रोजगारको परिणामले मुलुकमा वार्षिक रूपमा अर्बौं रेमिट्यान्स भित्रिरहेको छ । तर बर्सेनी नेपाली श्रमशक्ति विदेशिने, देशका खेतबारी बाँझो पल्टँदा राष्ट्रिय उत्पादन र पुँजी निर्माणको गति अबरुद्ध हुन पुगेको छ ।

## श्रमशक्ति निर्यात

नेपालीहरू रोजगारीको निम्ति विदेशिने प्रचलन कहिलेदेखि सुरु भयो भन्ने कुरा थप अध्ययनकै विषय

बनेको छ। तर अध्येताहरूले नेपाल र बेलायतको इस्ट इन्डिया कम्पनी सरकारबिच भएको सुगौली सन्धिपछि नेपालीहरू आधिकारिक रूपले रोजगारीका लागि विदेशिने प्रचलन सुरु भएको हो भन्ने निचोड निकालेका छन् । अङ्ग्रेजको शासनकालदेखि बहादुर, दरवान र कान्छाका रूपमा भारतमा नेपालको श्रमशक्ति निर्यात हुने गरेको थियो (मिश्र, २०७०, पृ.१६०)। त्यो बेलादेखि नै नेपालमा जनस्तरबाट रेमिट्यान्स (वैदेशिक मुद्रा ज्यालाका रूपमा) भित्रिन थालेको हो । नेपालमा प्रथम र दोस्रो विश्वयुद्धमा अङ्ग्रेज सेनामा काम गरेका नेपालीले त्यसपछि कुनै न कुनै रूपमा वैदेशिक रोजगारीलाई आयआर्जनको माध्यम बनाउँदै आएका छन् (खड्का, २०७६)। विश्वका धेरै जनसङ्ख्या भएका ५० देशहरूमध्ये राष्ट्रिय आयमा विप्रेषणको सबैभन्दा बढी अनुपात भएको देश नेपाल हो, जसको हिस्सा करिब ३० प्रतिशत रहेको छ (आचार्य, २०७७)।

अर्को विचित्रको कुरा त के छ भने नेपालको संविधान—२०७२ को भाग ४ मा रहेको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गतको श्रम र रोजगारसम्बन्धी नीतिको (५) मा वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने, (६) वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सिप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने (नेपालको संविधान, २०७२) भनेर प्रस्ट लेखिसकेपछि नेपाल सैद्धान्तिक र व्यावहारिक रूपमै विदेशीहरूका लागि सस्तो मूल्यका कामदार उत्पादन गर्ने मुलुकको रूपमा देखा पर्‍यो ।

## *रेमिट्यान्सले धानेको प्राण*

देशभित्र रोजगारका अवसरहरू सृजना गर्नेभन्दा पनि देशको श्रमशक्तिलाई विदेश पठाएर उनीहरूबाट आएको विप्रेषण र विदेशी ऋणमा सत्तासुख भोग गर्ने प्रवृत्ति बढ्दै आएका कारण गणतन्त्र स्थापनापछि बनेका हरेक सरकारले युवाहरूलाई स्वदेशमा कुनै रोजगारी सृजना गरेर रोक्नेभन्दा पनि विदेशै पठाउने नीति अवलम्बन गर्दै आइरहेका छन् । यही नीतिका अनुसार हरेक दिन नेपालको कृषि समाप्त पार्न नेपाली युवालाई डाइभर्सिटी भिसा, वैदेशिक रोजगार र स्थायी बसोबास भिसा दिएर विदेश लगिन्छ (सङ्ग्रौला) । एक सरकारी कार्यदलको प्रतिवेदनअनुसार आ. व. २०६३/६४ देखि २०७४/७५ सम्म करिब ४३ लाख युवाहरू श्रमस्वीकृति लिएर विदेश गएका थिए । वैदेशिक रोजगारीबाट सामान्यतया २ देखि ३ वर्षमा स्वदेश फर्कने भए पनि फर्किएका श्रमिकको अद्यावधिक अभिलेख उपलब्ध नभएकोले हाल विदेशमा कार्यरत नेपालीहरूको सङ्ख्या यकिन गर्न कठिन भएको छ। तथापि वैदेशिक रोजगारीका उद्देश्यले विदेशमा कार्यरत नेपालीहरूको सङ्ख्या करीब ५० लाखजति रहेको अनुमान गरिएको छ।

वैदेशिक रोजगारीमा गएका नेपालीहरूबाट वि. सं. २०४८ मा रु. २ अर्ब १२ करोड ८३ लाख रकम भित्रिएको थियो भने यसपछिका वर्षहरूमा वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सङ्ख्यामा भएको वृद्धिसँगै विप्रेषण भित्रिने क्रममा पनि बढोत्तरी हुँदै आयो । २०६४ सालमा रु. ६५ अर्ब ४१ करोड ६० लाख रकम रेमिट्यान्सका रूपमा नेपाल भित्रिएको थियो। जबकि २०६१ सालमा नेपालले ५४ अर्ब ३० करोड ३३ लाख रूपैंयाँ रेमिट्यान्स भित्र्याएको थियो (Gaudel: 2006) । नेपालको परम्परागत कृषि तथा पशुपालन व्यवसाय तहसनहस बनाउने र मुलुकलाई कृषिउपजमा पनि पूर्णतः परनिर्भर बनाउने गरी यहाँका हरेक सरकारले आफ्नो श्रमशक्तिको निर्यात बढाउँदै आएको छ।

## *नेपालको वैदेशिक व्यापारको अवस्था*

पछिल्लो राजनीतिक परिवर्तपछि पनि नेपालको आर्थिक दूरावस्थामा सुधार हुनुको साटो झनै विकराल बन्दै आइरहेको छ । २०६२/६३ देखि हालसम्मको आँकडाको विश्लेषण गर्ने हो भने देशको सामाजिक आर्थिक अवस्था उठ्नै नसक्ने गरी थला परेको देखिन्छ। अत्यासलाग्दो व्यापार घाटा यसको ज्वलन्त उदाहरण हो।

(तालिका नं.– १ )

***नेपालको वैदेशिक व्यापारको स्थिति (रु. ००० मा)***

| आ. व. | निर्यात | आयात | व्यापार घाटा |
|---|---|---|---|
| २०५२/५३ | १९७५८३८८ | ७५८९६३०६ | –५६१३७९१८ |
| २०५६/५७ | ४९५६१०२८ | ११३६८७१४९ | –६४१२६१२१ |
| २०६१/६२ | ५८४४३८२१ | १४८२९४२२९ | –८९८५०४०८ |
| २०६५/६६ | ६५३३०८१५ | २८४३४७०८२ | –२१९०१६२६७ |
| २०७०/७१ | ८९६२२७२७ | ७१६१२९८५३ | –६२६५०७१२६ |
| २०७८/७९ | २०००३०९६२ | १९२०४४८३४९ | –१७२०४१७३८८ |
| २०७९/८० | १५७१४०६९५ | १६११७३१७७७ | –१४५४५९१०७४ |

स्रोतः— A Glimpse of Nepal's Foreign Trade (Statistical Presentation), Government of Nepal, Ministry of Commerce, Trade & Export Promotion Centre, Pulchowk, Lalitpur, October 2017

माथि तालिका नं.१ मा आ. व. २०५२/५३ देखि २०७९/८० सम्मको नेपालको वैदेशिक व्यापारको प्रवृत्तिलाई आँकडामा उल्लेख गरिएको छ । उक्त तालिकाको विश्लेषणबाट के निष्कर्ष निस्कन्छ भने २७ वर्षको अवधिमा नेपालले वैदेशिक व्यापारमा निरन्तर रूपमा निकै ठुलो परिमाणमा घाटा बेहोर्दै आएको छ। यस तालिकामा गणतन्त्र स्थापनापछिका वर्षहरूमा यस्तो घाटाको मात्रामा व्यापक वृद्धि हुँदै आएको कुरा प्रष्ट देखिन्छ।

## *खाद्यान्नमा बढ्दो परनिर्भरता*

देशमा कृषि उपजमा वृद्धि गर्ने र खाद्यान्नमा परनिर्भरता अन्त्य गर्ने लक्ष्य राखेर सरकारले अनुदानका रूपमा पछिल्ला ५ वर्ष (आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म) मा प्रदेश र स्थानीय तहमार्फत् किसानको हातैमा पुग्ने गरी सङ्घीय बजेटबाट ३६ अर्ब २२ करोड ४० लाख ७१ हजार वितरण गरिएको छ। तर उत्पादन वृद्धिको लक्ष्य राखेर क्षेत्र नै तोकेर सशर्त अनुदान पठाए पनि केके शीर्षकमा कति अनुदान खर्च भयो, कति किसान लाभान्वित भए र अनुदान प्रवाहबाट कृषिउपज उत्पादनमा कति वृद्धि भयो भन्ने नियमन र अभिलेखसम्म छैन (अधिकारीः...)। नेपाल राष्ट्र बैङ्कको वार्षिक प्रतिवेदन २०७८/७९ अनुसार नेपालले आ. व. २०७७/७८ मा रु. ५०४७.८ करोड बराबरको धान तथा चामल आयात गरेको थियो । नेपालका शासकहरूलाई कहिले पनि के हेक्का भएन भने नेपालको कृषिमा आधुनिकीकरण नगरी देशमा समृद्धि निर्माण गर्न सकिन्न (सङ्ग्रौला)।

## *नेपालको सार्वजनिक ऋण*

विकास निर्माणको त कुरै छाडौं, नेपालको आन्तरिक आम्दानीले साधारण खर्चसमेत धान्न छोडेको गणतन्त्र स्थापनापछिबाटै हो। साधारण खर्च धान्न पनि सरकारले आन्तरिक वा वाह्य क्षेत्रबाट बर्सेनी ऋण लिनुपर्ने र यस्तो ऋणको मात्रा बर्सेनी बढ्दै जाने प्रवृत्ति

नेपालको अर्थतन्त्रमा देखा परेको छ। नेपाल सरकार अर्थमन्त्रालयको आर्थिक सर्वेक्षण, १९९४/९५, २००१/०२, २००८/०९ मा उल्लेख गरिएअनुसार पञ्चायती व्यवस्थाको अन्तिम वर्ष अथवा आर्थिक वर्ष २०४५/४६ मा नेपालको सरकारी वा सार्वजनिक ऋण जम्मा रु. ७ अर्ब ९९ करोड ६४ लाख थियो भने आर्थिक वर्ष २०५७/५८ मा पुग्दा नेपालको सार्वजनिक ऋण बढेर १९ अर्ब ४ करोड ४० लाख पुग्यो । आर्थिक वर्ष २०६२/६३ मा पुग्दा नेपालको सार्वजनिक ऋण २० अर्ब ८१ करोड ४१ लाख रहेको थियो।

देशमा गणतन्त्र स्थापना भएपछि आर्थिक विकासका ढोकाहरू खुल्ने छन्, सरकारमा आर्थिक अनुशासन कायम भएर राष्ट्रिय उत्पादन बढाउन देशमै रोजगारीका विभिन्न अवसरहरू सृजना गरिने छ र देशलाई औद्योगीकरणको दिशामा अघि बढाइने छ भन्ने विश्वास गरिएको थियो । तर गणतन्त्र स्थापनापछि बनेका सरकारको ध्यान यसतर्फ केन्द्रित हुन सकेन। बरु पहिलेपहिलेका सरकारभन्दा निकै अघि बढेर आन्तरिक तथा बाह्य ऋणको मात्रा थप्ने र मनपरी खर्च गर्ने प्रवृत्ति गणतान्त्रिक सरकारमा देखा पर्‍यो।

(तालिका नं.– २ )

***नेपालको आन्तरिक र बाह्य ऋण (रु. करोडमा)***

| आ. व. | आन्तरिक ऋण | बाह्य ऋण | जम्मा ऋण |
|---|---|---|---|
| २०७३/७४ | २८३७१.१ करोड | ४१३९७.९ करोड | ६९७६८.९ करोड |
| २०७८/७९ | ९८४.२९ अर्ब | १०२५.८५ अर्ब | २०१०.१३ अर्ब |
| २०७९/८० | ११२५.१८ अर्ब | १०९३.३५ अर्ब | २२१८.५४ अर्ब |

स्रोतः— आर्थिक सर्वेक्षण २०७७/७८, नेपाल सरकार, अर्थमन्त्रालय, सिंहदर, काठमाडौं, Nepal Rastra Bank, Annual Data, 2022/23 ।

माथि तालिका नं. २ मा आर्थिक वर्ष २०७३/७४ देखि आर्थिक वर्ष २०७९/८० सम्म नेपालको आन्तरिक र बाह्य ऋणको विवरण दिइएको छ। संविधानसभाबाट समाजवादउन्मुख संविधान निर्माण भएर यसको कार्यान्वयनमा आएको ७ वर्षको अवधिमा नेपालको राष्ट्रिय अर्थतन्त्रको अवस्था झन् नाजुक बन्दै आएको कुरा उक्त तालिकाले प्रस्ट पारेको छ।

## *निष्कर्ष*

राजनीतिक परिवर्तनले नेपाली जनतामा जति सन्तुष्टि प्रदान गरेको छ; देशको सामाजिक, आर्थिक अवस्थाले त्यति नै सन्तुष्टि पैदा गर्न सकेको छैन । संविधानले नै देशलाई समाजवादउन्मुख राष्ट्र घोषणा गरिएको भए पनि त्यसअनुरूप सरकारले कुन आर्थिक विकास र समृद्धिको नीति र कार्यक्रम अघि बढाउन आवश्यक देखिन्छ। देशका हरेक राजनीतिक पार्टीका गतिविधि सरकार परिवर्तनको खेलमै केन्द्रित हुँदै आएको छ भने हरेकपटक बन्ने सरकारले रेमिट्यान्समा हुँदै आएको वृद्धिलाई आफ्नो प्रमुख उपलब्धि मान्दै आएको छ। संसारमा आफ्नो श्रमशक्ति निर्यात गरेर कुनै पनि देशले न आत्मनिर्भर अर्थतन्त्रको विकासको आधार तयार पार्न सकेको छ, न त समाजवादको निर्माण नै । समाजवाद भनेको गरिबी र बेरोजगारी होइन, सामाजिक, आर्थिक असमानता र उत्पीडन होइन। यो त समानता र स्वतन्त्रतासहितको आर्थिक समृद्धि र उन्नति हो । खासमा समाजवाद भनेको त आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्दै राष्ट्रिय आम्दानी र अवसरहरूको न्यायोचित र समतामूलक वितरण गरिने राजनीतिक व्यवस्था नै हो।

राजनीतिक व्यवस्थाले जनतामा आशा, विश्वास र

भरोसा जागृत गर्न सकेन भने त्यसले लामो समयसम्म स्थायित्व प्राप्त गर्न सक्दैन। आर्थिक दृष्टिकोणले हेर्दा गणतन्त्र स्थापना हुनुभन्दा पहिलेको र यसपछि बनेका सरकारले अवलम्बन गर्दै आएको अर्थनीतिमा कुनै मौलिक परिवर्तन गरिएको छैन। परिणामस्वरूप देश आर्थिक रूपले पूर्णतः पराधीन र पराश्रित बन्ने दिशामा धकेलिन पुगेको छ। व्यवस्थाप्रति जनतामा आशा, विश्वास र भरोसा जागृत गराउनको लागि राष्ट्रले आर्थिक विकास र समृद्धि हासिल गर्नुपर्ने र जनतामा त्यसको न्यायोचित वितरण गर्नुपर्ने हुन्छ। यसतर्फ सम्बन्धित सबै पक्षले सचेततापूर्वक सकारात्मक भूमिका निभाउन आवश्यक देखिन्छ।

## *सन्दर्भ सामग्रीहरू*


अधिकारी, अजित (२०८०). 'पाँच वर्षमा प्रदेश र पालिकामार्फत् ३६ अर्ब कृषि अनुदान, तर काँ, कसरी खर्च भयो छैन अनुगमन'. *नयाँ पत्रिका.* राष्ट्रिय दैनिक. २४ माघ।

अर्थ बुलेटिन, वर्षक अंक- ४, आ. व. २०७९/८०, अर्थ मान्त्रालय, नेपाल सरकार, सिंहदरबार काठमाडौं।

अर्याल, दुर्गाप्रसाद (२०७७) 'आर्थिक विकासको आधार : राजनीतिक स्थिरता र स्थिर सरकार'. शितलपाटी कम. १६ फागुन. https://www.shittalpati.com/detail/.

आचार्य, कृष्ण (२०७७). 'नेपाली अर्थतन्त्रले कति गुमाउला ?'. *कान्तिपुर दैनिक.* वैशाख ७।

आचार्य, नरेन्द्रदेव (२००७). *राष्ट्रियता और समाजवाद.* इन्डिया : नेसनल बुक ट्रस्ट।

कार्की, ज्ञानेन्द्रबहादुर (२०८०). 'मुलुकको अर्थराजनीतिक दृष्टिकोण'. *गोरखापत्र.* १४ मंसिर।

खनाल, प्रेमकुमार (२०७७). 'नवउदारवादी अर्थनीतिको जग'. *अन्नपूर्ण पोस्ट.* ३ मंसिर http://annapurnapost.com/ news/170145.

खड्का, रुद्र (२०७६). 'विदेशबाट १५ अर्ब'. *नागरिक दैनिक.* ९ असोज।

जीवन, जैनेन्द्र (२०६८). 'रेमिट्यान्स ट्र्याप बुझौँ', *हिमाल खबर पत्रिका.* १६ – ३० चैत्र।

तामाङ, सीताराम (२०६३). *नेपाल : समाज विकासको भौतिकवादी निरूपण.* काठमाडौँ : निरन्तर प्रकाशन प्रालि।

दीक्षित, अजय (सन् २००७). 'पानीको ज्ञानको अर्थ–राजनीति'. (सम्पादक : मेरी डेसेन र प्रत्युष वन्त). *हिमाल खबर पत्रिका*।

नेपाली कांग्रेस (२०६४). 'संविधानसभा निर्वाचन घोषणापत्र २०६४'. काठमाडौँ : केन्द्रीय प्रचारप्रसार समिति।

नेपाल राष्ट्र बैंक, आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन, २०७९ कार्तिक।

नेपाल सरकार (२०७२). *नेपालको संविधान.* काठमाडौँ : नेपाल सरकार. कानुन किताब व्यवस्था समिति।

नेपाल सरकार (२०७७). *आर्थिक सर्वेक्षण.* काठमाडौँ : अर्थमन्त्रालय. काठमाडौं।

मिश्र, चैतन्य (२०७०). पुंजीवाद र नेपाल. काठमाडौँ : फिनिक्स बुक्स।

रोका, हरि (सन् २०२०). 'नेपाली सन्दर्भ र समाजवाद'. https://shilapatra.com/detail/654, Retrieved 4/8.

विश्वकर्मा, रामलाल (सन् २०२१). 'संसदीय व्यवस्थाको उत्थान र पतन'. https://eratokhabar.com/ archives/ 48046?fb.

श्रम तथा रोजगार बुलेटिन (आ. व. २०७३/७४ प्रथम चौमासिक), नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय, काठमाडौँ।

सङ्ग्रौला, युवराज (२०७५). 'हामी किन यति कमजोर भयौ ?'. https://www.dainiki.com/97740/?

सुवेदी, छवि (२०७७). 'पुँजीवादी युग र राजनीतिक दलहरूको समस्या'. *लेफ्ट रिभ्यु अनलाइन.* चैत्र १७, https://leftreviewonline.com/bichar/capitalist-era-and-problems

सुवेदी, लोकनारायण (२०६७). 'राजनीतिक परिवर्तन भए पनि जनताको आर्थिक स्थिति सुध्रिएन'. https://khabarhub. com/ 2019/10/109306/

Buzuev, V. and Gorodnov, V. (1987). *What ia Marsism, Leninism ?.* Moscow: Progress Publishers.

Clyde W. Barrow (2023). Vital Theorist of Democratic Socialism. https://jacobin.com /2023/01/nicos- poulantzas- revolutionary-reformism-democratic-socialism-state-theory.

Cornforth, M. (1962). *Historical Materialism.* New York : Internal Publishers.

Engels, F. (1908). Socialism: Utopian and Scientific. Chicago: Chart ESHm Kerr and Company.

Gaudel, Y.S.(2006). 'Remittance Income in Nepal: Need for Economic Development'. Need for Economic Development , The Journal of Nepalese Business Studies Vol. III No. 1 Dec.

Government of Nepal (2022). 'Nepal Foreign Trade Statistics'. Kathmandu: Ministry of Finance.

Harvey, D. (2005). *A Brief History of Neoliberalism.* New York: Oxford University Press.

Wilczynski, J. (1981). *An Encyclopedic Dictionary of Marxism, Socialism and Communism.* London: The Macmillan Press Ltd.